आज मिति २०७६/०१/२६ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री मेघनाथ पाध्या | प्रमुख प्र. अधिकृत | बुद्धभूमी न.पा. | |
| ४ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ५ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ६ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ७ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ८ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ९ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| १० | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| ११ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| १२ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १३ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १४ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १५ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १७ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १८ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २१ | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |

Scanned by CamScanner

# बुद्धभूमी नगर कार्यपालिकाको मिति : २०७६।०१।२६ गतेको बैठकका निर्णयहरु

१. **प्रशासकीय भवन सम्बन्धमा।**

**निर्णयः** बुद्धभुमी नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि सवै वडाहरुलाई पायक पर्ने मध्य भाग (वीच) वडा नं. ४ अन्तर्गत पूर्व–पश्चिम लोकमार्गको हनुमानचोक, बुड्ढीलाई स्थानलाई नेपाल सरकार मन्त्री परिषदको निर्णय बमोजिम नेपाल राजपत्रको खण्ड ६७ संख्या ५७ भाग ५ मिति २०७४।११।१४ गते प्रकाशित राजपत्र जारी सूचना अनुसार बुद्धभुमी नगरपालिकाको उक्त स्थानमा केन्द्र तोकीएको र उक्त केन्द्रलाई बुद्धभुमी न.पा.को मिति २०७४।५।२७ गते बसेको प्रथम नगर सभाको बैठक र मिति २०७५।३।२८ गतेको तेस्रो नगर सभाको निर्णय नं. ३ बमोजिम उक्त स्थानलाई केन्द्र कायम गरी प्रशासकींय भवन लगायत अन्य पूर्वाधार निर्माण गर्ने भनिएको र उक्त स्थान राष्ट्रिय बन क्षेत्र भित्र पर्ने भएकोले करिव १० विघा जग्गा प्रशासनिक भवन निर्माणको लागि आवश्यक पर्ने भएकोले राष्ट्रिय बनको जग्गा यस नगरपालिकाको नाममा आउने गरी प्रदेश नं. ५ मूख्य मन्त्रीको कार्यालय तथा मन्त्रीपरिषदको कार्यालयमा सिफारिस माग गर्न कपिलवस्तु जिल्लाको डिभिजन बन कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो।

२. **समपुरक अनुदानको आयोजना माग सम्बन्धमा।**

**निर्णयः** आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ५ बुटवलको च.नं. १०१२ मिति २०७६।०१।०९ को पत्रानुसार समपुरक अनुदान व्यवस्थापन कार्यविधि २०७५ को दफा ७ (१) अनुसार स्थानीय तहले समपुरक अनुदानमा माग गरिने आयोजनाहरूको विवरण पठाउन मनी माग भएकोले यस नगरपालिका अन्तर्गत विगत २०७४।०७५ आ.व. देखि सञ्चालित बहुबर्षिय आयोजनाहरू नगर सभाबाट पारित भएका मध्येबाट आगामी आ.व. २०७६।०७७ को कार्यक्रममा लागत साझेदारी हुने गरी तपसिलको आयोजना समपुरक अनुदानबाट समावेश गरिदिनको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय बुटवलमा अनुरोध गरी पठाउने निर्णय गरियो।

**तपसिलः**

| क्र.स. | आयोजनाको नाम | योजना संचालन हुने स्थान | प्रदेश सरकारको तर्फबाट व्यहोर्ने रकम | नगरपालिकाको तर्फबाट व्यहोर्ने रकम |
|---|---|---|---|---|
| १ | चेतरादेही - धनकौली- महुवा - नयाँनगर - दरखसवा - चरिगावा - पचिगावा - सडक स्तरउन्नति तथा कालोपत्रे निर्माण | वडा नं. १०, ६ र ८ | २,००,००,०००।- | २,००,००,०००।- |

३. **तराई मधेश समृद्धि कार्यक्रमको योजना माग सम्बन्धमा।**

**निर्णय :** आ.व. २०७५।०७६ बाट लागू भएको तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका २०७५ बमोजिम लागू भएका तराई मधेशका तोकिएका स्थानीय तहहरूले आ.व. २०७६।७७ का लागि योजनाहरू निर्णय गरी समयमा नै पठाउनु पर्ने भएकोले तपसिलका योजनाहरू तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत मागका लागि पठाउने निर्णय गरियो।

**तपसिलः**

| क्र.स. | योजनाको नाम | योजना स्थल | माग रकम | लागत सहभागिता रकम |
|---|---|---|---|---|
| १ | फच्कैया गाउँको सडक कालोपत्रे /पि.सी.सी. | वडा नं. १ | ७० लाख | ७ लाख |
| २ | सुर्यपुरा - अमहवा - डुमरी- इमिलिया सडक कालोपत्रे निर्माण | वडा नं. ८ र ९ | ८० लाख | ८ लाख |
| ३ | घन्चौरा भगुचोक देखि दुविया गोरखपुरे डाँडा सम्म सडक कालोपत्रे निर्माण | वडा नं. ३ | ५० लाख | ५ लाख |
| | जम्मा | | २ करोड | २० लाख |

२०७६।०१।२६
प्रमुख प्रशासकिय अधिकृत (उपसचिव)

२०७६।०१।२६
नगर प्रमुख

Scanned by CamScanner

४. **राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा कार्यान्वयन गर्ने सम्बन्धमा।**

निर्णयः बुद्धभुमी नगरपालिकाले वडा नं. ४ अन्तर्गत पूर्व–पश्चिम लोकमार्गको प्रतिक्षालय हनुमानचोक, बुड्ढीमा बनाउन लागिएको प्रशासनिक भवन राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड २०७५ बमोजिम कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

५. **घर नक्सा पासको लागि म्याद थप सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमी नगरपालिकाले ब्यापक प्रचारप्रसार र जनताहरुलाई सु-सूचित गराउन नसकिएकोले २०७६ बैशाख मसान्त सम्म घर नक्साको अभिलेखिकरण गरिसक्नुपर्नेमा घर नक्सा अभिलेखीकरण कार्य न्यून भएकोले उक्त प्रावधानलाई थप गरी घरनक्सा अभिलेखिकरण कार्यलाई निरन्तरता दिदै २०७६ असार १५ सम्म अभिलेखिकरण कार्य गर्ने भनी निर्णय गरियो।

६. **कर्मचारी कल्याणकोष सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमी नगरपालिका वडा नं. ५ वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी जगदीश नाउँ मिति २०७५।०१।०१ गते अनिवार्य अवकाश भए पश्चात् निजले पाउनु पर्ने संचित विदा उपदान र औषधी उपचार खर्च बापतको रकम रू. १३,३०,०००।- बुद्धभूमी नगरपालिकाको तेस्रो नगर सभाले सञ्चितकोषबाट व्ययभार व्यहोर्ने गरी भुक्तानी गर्नका लागि विनियोजन गरेकोले उक्त रकम सञ्चित कोषबाट कल्याणकोषमा दाखिला गरी कल्याण कोषबाट निजलाई भुक्तानी दिने निर्णय गरियो।

७. **सौर्य सडक बत्ती श्रमदान सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमी नगरपालिकाको तेस्रो नगर सभाबाट आ.व. २०७५।०७६ को लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत विभिन्न किसिमका योजनाहरूको लागि फरक फरक प्रतिशत जनश्रमदान निर्धारण गरिएकोले सार्वजनिक स्थानहरूमा लगाइने सडक सौर्य बत्तीका लागि जनश्रमदान नहुने हुँदा उक्त योजनामा शुन्य जनश्रमदान हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिलः-**

| क्र.स. | सौर्य उर्जा जडान गर्ने स्थानहरूः |
|---|---|
| १ | वडा नं. १ फच्कैया गाउँ, भेलाई थारू गाउँ, विष्णु टण्डन आदर्शटोल, ओम बहादुर के.सी. आदर्शटोल |
| २ | वडा नं. २ दलित बस्ती बडहरा, बडहरा , छोटकीडिही गोरूसिंगे |
| ३ | वडा नं. ३ भगुचोक घन्चौरा, मोर्मी, टाँकू |
| ४ | वडा नं. ४ बुडढी गाउँ, जोतपुर चोक, भैरमपुर चोक |
| ५ | वडा नं. ५ पक्रेहटा, किचरडिहवा, |
| ६ | वडा नं. ६ बदलपुर पूर्वडिही |
| ७ | वडा नं. ७ वडा नं. ७ वडा कार्यालय मानपुर |
| ८ | वडा नं. ८ हरिहरपुर पश्चिम |
| ९ | वडा नं. ९ को वडा कार्यालय, दलित वस्ती प्रगतिटोल |
| १० | वडा नं. १० रामघाट, तौलिहवा जाने सडक निमार्णाधिन मन्दिर |

८. **वडा नं. ४ को योजना कार्यक्रमको नाम परिवर्तन सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमी नगरपालिकाको आ.व. २०७५।०७६ का लागि ७०/३० कार्यक्रम अन्तर्गत वडा नं. ४ मा छनौट भएको तपसिलको योजना संशोधन गर्ने निर्णय गरियो।

| क्र.स. | साविक योजनाको नाम | संशोधन गरिएको योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | हनुमानचोक देखि डबरा सडक कालोपत्रे निर्माण | बुडढी थारू गाउँ भित्र नाली निर्माण | १० लाख |

प्रमुख प्रशासकिय अधिकृत (उपसचिव)

नगर प्रमुख

Scanned by CamScanner

९. **भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा।**

**निर्णयः** यस बुद्धभूमी नगरपालिका पशु सेवा शाखाको भवन अभावका कारण दैनिक कार्यालय सञ्चालनमा बाधा भएकोले सो भवन निर्माणको लागि यसै बुद्धभूमी नगरपालिका वडा नं. २ वडहरामा नगरपालिकाको नाममा रहेको कित्ता नं. १५६५ बाट २ कठ्ठा जग्गा उलब्ध गराउने प्रतिबद्धता सहित बुटवलमा अवस्थित लाइभस्टक सेक्टर इनोभेसन नेपाल बुटवल, रूपन्देहीलाई उक्त जग्गामा भवन निर्माणको लागि आवश्यक सहयोग सहित अनुरोध गर्ने भनी निर्णय गरियो।

१०. **लुम्बिनी भ्रमण बर्ष २०७६ मनाउने सम्बन्धमा।**

**निर्णयः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. ५ मा प्राप्त पत्रानुसार शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल लुम्बिनी (नेपाल) को पर्यटकीय, धार्मिक, सांस्कृतिक पुरातात्विक एवंम ऐतिहासिक महत्वको पहिचान, संरक्षण, संवर्द्धन र व्यवस्थापनमा टेवा पु-याई विश्व शान्ति सन्देश हरेक व्यक्तिमा पु-याउने उद्देश्यका साथ वि.स. २०७६ लाई लुम्बिनी भ्रमण बर्षको रूपमा मनाउने लागिएकोले उक्त कार्यक्रमलाई यस नगरपालिकामा पनि सभ्य र भव्य रूपमा मनाउने निर्णय गरियो।

११. **बुद्धभूमी क्याम्पसको तल्ला थप सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमी क्याम्पसको तल्ला थपका लागि बुद्धभूमी नगरपालिकाबाट रू. १० लाख रकम विनियोजन तथा कपिलवस्तु निर्वाचन क्षेत्र नं. २ संसदीय विकास कोषबाट रू. १५ लाख विनियोजन गरी जम्मा रू. २५ लाख रकम विनियोजन भएकोले उक्त योजना कार्यान्वयन ठेक्का प्रकृयाबाट गराउँदा समय अपुग हुने हुँदा उक्त योजना उपभोक्ता निर्माण समिति मार्फत गराउने निर्णय गरियो।

१२. **कानूनी सल्लाहकार सम्बन्धमा।**

**निर्यणः** यस नगरपालिकामा कानूनी सल्लाहकारको रूपमा अधिवक्ता श्री हुम बहादुर कुवँरलाई कार्यपालिका बैठकको मिति २०७६।१।२६ मा निर्णय अनुसार विगत आ.व. र यस आ.व. ०७५/०७६ समेतमा कानूनी सल्लाहकारको रूपमा काम गर्दै आउनु भएकोले मासिक वा बार्षिक रकम पाउँ भनी माग निवेदन समेत गर्नु भएकेले नगरपालिकाको आवश्यकता अनुसार सम्पूर्ण न्यायिक कामकाज तथा कानूनी सल्लाहकारको रूपमा काम गर्ने गरी बार्षिक रू. १ लाख ५० हजार नियमानुसार करकट्टी गरी उपलब्ध गराउनेर अन्य नियमानुसार भ्रमण भत्ता समेत उपलब्ध गराउने निर्णय गरियो।

१३. **विविधः**

| क्र.स. | विवरण | सहयोग शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| १ | टिक्कर खानेपानी तथा सरसफाई उपभोक्ता समूह बुद्धभुमी न.पा.१ को खानेपानी व्यवस्थापनको लागि खानेपानी तथा सरसफाई शिर्षकबाट रू. २,००,०००।- (दुई लाख) उपलब्ध गराउने निर्णय गरियो। | खानेपानी तथा सरसफाई शिर्षक | २,००,०००।- |
| २ | बुद्धभूमी वडा नं. ९ जनकल्याण माध्यमिक विद्यालय बरकलपुरको विद्यालय खानेपानी व्यवस्थापनका लागि खानेपानी तथा सरसफाई कार्यक्रमको शिर्षकबाट रू. १,००,०००।- दिने निर्णय गरियो। | खानेपानी तथा सरसफाई शिर्षक | १,००,०००।- |
| ३ | वडा नं. ९ बरकलपुर स्वास्थ्य चौकी खानेपानी व्यवस्थापनका गर्दा रू. १००००।- रकम अपुग भएकोले उक्त रकम खानेपानी तथा सरसफाई शिर्षकबाट रू. १०,०००।- दिने निर्णय गरियो। | खानेपानी तथा सरसफाई शिर्षक | १०,०००।- |
| ४ | बुद्धभूमी नगरपालिका वडा नं. १ निवासी पिगंल थारूको छोरा सरोज थारूको मोटरसाइकल दुर्घटनामा परी भारतको लखनउमा उपचार भई रहेकोले उपाचारर्था आर्थिक सहयोग शिर्षकबाट रू. १०,०००।- दिने निर्णय गरियो। | आर्थिक सहयोग | १०,०००।- |
| ५ | राष्ट्रिय जेष्ठ नागरिक समाज नेपाल केन्द्रीय कार्यालय कपिलवस्तु बाट नयाँबर्षको क्यालेन्डर प्रकाशनमा विज्ञापन प्रकाशनका लागि आर्थिक सहयोग शिर्षकबाट रू. ५,०००।- दिने निर्णय गरियो। | आर्थिक सहयोग | ५,०००।- |

प्रमुख प्रशासकिय अधिकृत

(उपाध्यक्ष)

नगर प्रमुख

Scanned by CamScanner